नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पी.एस.कोरिया शाखा
ग्वार्को, ललितपुर ।

२०७९/११/०५

**कृषि तथा पशुपालन (Agriculture & Livestock) क्षेत्र तर्फको कोरियन भाषा परिक्षा (EPS-TOPIK-2023, UBT) को नतिजा प्रकाशन सम्बन्धि सूचना ।**

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र गणतन्त्र कोरिया, श्रम तथा रोजगार मन्त्रालय बीच सम्पन्न समझदारी पत्र (MOU) अनुरुप रोजगार अनुमती प्रणाली (EPS) अन्तर्गत गणतन्त्र कोरियामा नेपाली कामदार पठाउने सिलसिलामा उम्मेदवारको छनौट गर्ने HRD Service of Korea बाट मिति २०७९ माघ १८ देखि फागुन ०५ गते (तदानुसार सन् ०१ फेब्रुअरी, २०२३ देखि १७ मार्च, २०२३) सम्म सम्पन्न भएको **कृषि तथा पशुपालन क्षेत्रतर्फको** कोरियन भाषा (EPS-TOPIK-2023, UBT) परीक्षामा सहभागी १०३९८ जना परीक्षार्थीहरु मध्ये यसैसाथ संलग्न नामावली बमोजिमका ३४५३ जना परीक्षार्थीहरु उत्तिर्ण भएको व्यहोरा HRD Service of Korea बाट प्राप्त भएको र भाषा परीक्षामा उत्तिर्ण परीक्षार्थीहरुको **UBT भवन, भैसेंपाटीमा** मिति २०७९ फागुन ०८ गते देखि २०७९ फागुन १० गते (तदानुसार सन् २० फेब्रुअरी, २०२३ देखि २२ फेब्रुअरी, २०२३) सम्म देहाय बमोजिमको समय तालिका अनुसार सीप परीक्षण हुने ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पुनश्चः-**

१. सीप परीक्षण (Skill Test) मा सहभागी हुन आउदा आफ्नो सक्कल राहदानी (Passport) र प्रवेश पत्र (Admit Card) अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ ।
२. सीप परीक्षणको लागी तोकिएको समय तालिका भन्दा एक घण्टा अगावै बायोमेट्रीक (Biometric) को लागी उपस्थित हुनु पर्नेछ ।
३. तोकिएको समय तालिकामा अनुपस्थित हुने परीक्षार्थीहरु लाई बैकल्पिक ब्यवस्था गरीनेछैन ।
४. सीप परीक्षण (Skill Test) पश्चात अन्तिम नतिजा प्रकाशन हुनेछ र सोहि समयमा स्वास्थ्य परीक्षण (Medical Checkup) र रोजगार आवेदन फाराम (Job Application Form) भर्ने सम्बन्धि बिस्तृत विवरण प्रकाशित गरीनेछ ।

यो नतिजा वैदेशिक रोजगार विभगको वेभसाईट https://dofe.gov.np/ मा समेत प्रकाशित गरिएको छ ।

**(कोरियन भाषा परीक्षा उत्तीर्ण गर्नु कोरियामा रोजगारीको ग्यारेन्टी होइन ।)**

०७९।११।०५

ई.पी.एस कोरिया शाखा